# नेपालको आर्थिक विकासमा लघु, घरेलु तथा साना उद्योगको भूमिका

*बिष्णु बहादुर लुइँटेल*[*]

**सारांश**

*यस अध्ययनको मुख्य उद्देश्य लघु घरेलु तथा साना उद्योग/व्यवसाय (MCSIs/MCSEs) ले नेपालको आर्थिक विकासमा खेलेको भूमिकाको विश्लेषण गर्नु हो । नेपालको सन्दर्भमा गरिवी (आर्थिक अवनति) लाई घटाउनु मुख्य चुनौती हो । त्यसकारण यस अध्ययनले* MCSI/MCSEs *को भूमिकालाई बृहत्तर पारी गरिवी घटाई आर्थिक विकास गर्नसक्छ भन्ने कुरालाई स्पष्ट पारेको छ । यस अध्ययनले* MCSI *क्षेत्रको विकास गर्नु भनेको नेपालको विकास गर्नु हो । त्यसैले विकसित नेपाल :* CSI *को विकासबाट मात्र सम्भव छ भन्ने कुरा बताउँछ । हाम्रो देशका उद्योगका उत्पादन दिनानुदिन बढ्नु पर्नेमा यो घट्दै गइरहेको छ । त्यसकारण नेपाल सरकारले यस क्षेत्रलाई प्राथमिकता क्रममा राखी विकसित नेपालको प्रक्रिया थाल्नुपर्छ । यस अध्ययनमा प्रयोग गरेका तथ्य/सूचना प्राथमिक स्रोतमा आधारित छन् र यस अध्ययनलाई अनुसन्धान कर्ताले तीन उपशीर्षकमा विभाजित गरी तल प्रस्तुत गरेको छ ।*

**मुख्य शब्दावलीहरू** : आर्थिक, विकास, भूमिका, औद्योगिक, लघु, घरेलु, साना ।

## परिचय

विश्वका धेरैजसो मुलुकको समग्र विकासको मेरुदण्डको रूपमा रहेको औद्योगिक क्षेत्रले नेपालको आर्थिक विकासमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । नेपालको औद्योगिक क्षेत्रको विकासको प्रचुर सम्भावना रहँदारहँदै पनि यस क्षेत्रले रोजगारी, आयआर्जन गरिवी न्यूनीकरण र निर्यातमा सोचेजति योगदान पुऱ्याएको पाइँदैन । यसो हुनुमा नेपालका औद्योगिक नीतिहरू, औद्योगिक व्यवसाय ऐन र यसका कार्यान्वयन पक्ष नै जिम्मेवार छन् ।

विगतका नीति र ऐनहरू उद्योगमैत्री देखिँदैनन् र सबै प्रकारका उद्योगहरूलाई एउटै बास्केटमा राखेर व्यवहार गरिएको छ । जसले गर्दा नेपालको औद्योगिक क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्ने Micro Cottage and Small Industries/Enterprise Sector चपेटमा पऱ्यो र दिनानुदिन यो क्षेत्र धराशयी बन्दै गइरहेको छ । फलस्वरूप यसको योगदान पनि अर्थतन्त्रमा प्रत्यक्ष रूपमा प्रतिविम्बित भइरहेको छ ।

लघु, घरेलु तथा साना उद्योग क्षेत्रमा काम गर्ने धेरै संघ-संस्था तथा नेपाल घरेलु तथा साना उद्योग महासंघको अथक प्रयास र प्रयत्नबाट नेपाल सरकार उद्योग मन्त्रालयले १९ वर्षपछि औद्योगिक नीति २०६७ जारी गऱ्यो । यस नीतिले प्रकृति र लगानीका आधारमा उद्योग व्यवसायलाई पुनः परिभाषित गरेको छ । औ.नि. २०६७ अनुसार लघु उद्यम भन्नाले घरजग्गा वाहेक बढीमा दुई लाखसम्म स्थिर पूँजी लगानी

---

* उप-प्राध्यापक श्री लुइँटेल शिक्षाशास्त्र के.वि., त्रि.वि., कीर्तिपुरमा कार्यरत हुनुहुन्छ ।

हुने, उद्यमी आफै व्यवस्थापक भई बढीमा नौ जनासम्म कामदार रहेको वार्षिक २० लाखभन्दा कम कारोवार हुने र १० किलोवाटभन्दा कम शक्ति क्षमता इन्जिन प्रयोग हुने उद्योग व्यवसायलाई जनाउँछ । त्यसै गरी घरेलु उद्योग भन्नाले परम्परागत सीप र प्रविधि प्रयोग गर्ने, स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधिमा आधारित औजार, उपकरण प्रयोग गर्ने, देशको कला र संस्कृतिसँग सम्बद्ध र १० किलोवाट विद्युत शक्ति प्रयोग गर्ने उद्योग तथा व्यवसायलाई जनाउँदछ । साना उद्योग भन्नाले लघु उद्यम र परम्परागत तथा अन्य घरेलु उद्योग बाहेक पाँच करोड रूपैयाँसम्म स्थिर जेथा भएको औद्योगिक व्यवसायलाई जनाउछ (औ.नि., २०६७) ।

उद्योगलाई वर्गीकरण गर्ने र परिभाषित गर्ने आधारहरू विकासशील तथा विकसित देशहरूमा फरक-फरक पाइन्छ । कुनै देशमा यी कार्यहरूको लागि लगानीलाई आधार मानिन्छ भने कुनैमा रोजगारीलाई र कुनैमा लगानी, रोजगारीका साथै मेसिन, यन्त्र र विद्युतलाई समेत समावेश गरेको पाइन्छ । पश्चिमी देशहरूमा माथि उल्लेख गरिएका उद्योग व्यवसायलाई SMEs/SMIs Small Medium Enterprises वा Small Medium Industries भन्ने प्रचलन छ भने दक्षिण एसियामा विशेष गरी भारत, बङ्गलादेश र नेपालमा CSI/CSes Cottage and Small Industries वा Cottage and Small Enterprises बाट संबोधन गरिन्छ । हाल नेपालले यस क्षेत्रलाई MCSI/MCSeS Micro Cottage and Small Industries/Enterprises भन्दै आएको छ र यस लेखमा MCSI/MCSEs दुवै शब्दहरू प्रयोगमा ल्याइएको छ ।

## अध्ययनको बिधि र क्षेत्र

यस अध्ययनको लागि नेपाल घरेलु तथा साना उद्योग महासंघ माइतीघरस्थित कार्यालयमा मिति २०६९।०९।०३ का दिन केन्द्रीय पदाधिकारीहरूसँग अन्तर्वार्ता लिइयो । यो अन्तर्वार्तामार्फत लिइएको तथ्य/सूचनाका लागि छनौट गरिएका जनसङ्ख्या र क्षेत्र पूर्णतया उद्देश्यात्मक नमूना छनौटमा आधारित छन् । यस अध्ययनलाई थप मजबुत र विश्वसनीय बनाउनका लागि प्रकाशित र अप्रकाशित स्रोतहरूको प्रयोग गरिएको छ ।

यसरी नै अध्ययनलाई जीवन्तता प्रदान गर्न अनुसन्धानकर्ता आफैं अध्ययन क्षेत्रमा उपस्थित भई सबै सहभागीहरूलाई भेटी तथ्य/सूचना सङ्कलन गरी अध्ययन कार्य सम्पन्न गरिएको छ । तलका प्राप्ति र छलफल प्रत्यक्ष रूपमा प्राथमिक तथ्यसँग सम्बन्धित छन् र ती अन्तर्क्रियाका विचारहरू सहभागीको अनुभव र विश्वाससँग आधारित छन् ।

## आर्थिक विकासको अवधारणा

आर्थिक विकास आजका विकासोन्मुख मुलुकहरूको लागि एक संवेदनशील मुद्दा बनेको छ । विभिन्न विकासोन्मुख मुलुकहरूले विकासलाई तीव्रगति प्रदान गर्न अनेकौं उपाय एवं रणनीतिहरू अवलम्बन गर्दै आएका छन् । उच्च आर्थिक दर कायम गर्न केवल आर्थिक क्रियाकलापमा मात्र जोड दिँदा आर्थिक लगानी ज्यादै उच्च रहने तर त्यसको प्रभाव मानवीय कल्याण पक्षमा जस्तै- रोजगारी, आय वितरण तथा गरिवी न्यूनीकरण कम रहँदा सन्तुलित र दिगो आर्थिक विकास हुन नसक्ने र त्यस्ता देशहरूमा स्थायित्व र सुशासन कायम गर्न कठिन हुने देखिन्छ । त्यसकारण आर्थिक विकास भनेको के हो भन्ने सन्दर्भमा केही अर्थशास्त्रीहरूको धारणा राखिएको छ ।

अर्थशास्त्री सुम्पिटर (Schumpter) का अनुसार विकास भनेको पहिलेदेखि नै विद्यमान सन्तुलनको अवस्थालाई सधैँका लागि परिवर्तन र विस्थापित गर्ने निरन्तर र स्वत:स्फूर्त परिवर्तन हो । यस परिभाषाले विकासलाई प्रगतिशील वा क्रान्तिकारी परिवर्तन मानेको छ । यो परिवर्तनले नयाँ कदम रणनीति र सोचमा जोड दिएको छ । आर्थिक विकासका लागि सोच र अन्वेषणमा फड्को मार्न जरुरी छ । यथास्थितिमा गरेको फेरबदलले द्रुत आर्थिक विकास सम्भव छैन ।

यसरी नै अर्का विद्वान अर्थशास्त्री बोन (Bonne) का अनुसार धेरैजसो अल्पविकसित देशहरूमा आर्थिक विकासको निम्ति आर्थिक विस्तारका शक्तिहरूको सिर्जना तथा सम्बर्द्धन गर्नुपर्ने हुनाले एक किसिमको निर्देशन व्यवस्था तथा पथ प्रदर्शन गर्नुपर्ने हुन्छ । बोनले आर्थिक विस्तारका शक्तिहरूको सिर्जना तथा सम्बर्द्धनमा जोड दिएका छन् । आर्थिक विस्तारका शक्ति भन्नाले उद्योग, व्यापार, रोजगारी, आय उद्यमशीलता, मानवपूँजी जस्ता कुरालाई जनाउँदछ । समग्रमा आर्थिक विकास भनेको देशको सम्पूर्ण नागरिकको बहुपक्षीय कल्याण हो । आर्थिक विकास भनेको निरन्तर चलिरहने त्यो प्रक्रिया हो जसद्वारा विश्वका गरिव मुलुकहरूले गरिबीको कुचक्रलाई तोड्न सक्ने र तिनीहरूको आफ्नो आम्दानीमा अभिबृद्धि हुनसक्ने र उच्चतम जीवन व्यतीत गर्नसक्ने अवस्था सृजना हुन्छ ।

आर्थिक विकास भनेको एउटा लामो प्रक्रिया हो । जसमा थुप्रै दवावहरू र तत्त्वले अझै राम्रो आर्थिक परिवर्तन ल्याउनको लागि एकै स्थानमा काम गर्दछन् । आर्थिक विकासको मुख्य उद्देश्य समाजमा बढीभन्दा बढी उत्पादन गर्नु हो । यसले साधारण मानिसहरूको कल्याणलाई बढाउँछ । अमेरिका, रुस, जर्मन र जापान जस्ता विकसित देशहरूका विकास प्रक्रियामा उद्योग र उद्यमशीलता कारण र आर्थिक विकास परिणाम (Industry and Entrepreneurship is the cause and economic development is the effect) हो भन्ने कुरा पुष्टि गर्दछ । यसले आर्थिक विकासका लागि परिमाणात्मक तथा गुणात्मक दुवै किसिमले उद्यमशीलताको विकास गर्नुपर्ने कुरा इङ्गित गर्दछ । विकासोन्मुख देशहरूको पछ्यौटेपनको एक प्रमुख कारण उद्यमी र उद्यमशीलताको कमी हो । यी देशहरूमा उद्यमी भइहाले पनि नव प्रबर्द्धनात्मक नभएर विकसित देशका नवप्रवर्तनकर्ताहरूको नक्कल गर्ने मात्र हुन्छन् भनिन्छ । यसो भए तापनि ती देशहरूका आर्थिक विकासका संवाहक भनेका उद्यमीहरू नै हुन् र ती उद्यमीहरू स्थानीय स्रोत र साधनमा आधारित उद्योग व्यवसाय सञ्चालन गरी निर्यातलाई विस्तार गरी आयात प्रतिस्थापन गर्न सक्षम भए भने अवश्यमेव देशको आर्थिक विकास सम्भव छ

## लघु, घरेलु तथा साना उद्योगको वर्तमान अवस्था

नेपाल जस्तो कम विकसित मुलुकको आर्थिक विकासमा लघु, घरेलु तथा साना उद्योग व्यवसायले सुरुदेखि नै अहम् भूमिका निर्वाह गर्दै आएको छ । वास्तवमै नेपालको औद्योगिक इतिहासलाई सिंहावलोकन गर्ने हो भने नेपालमा सञ्चालित सम्पूर्ण उद्योगहरूको ९८% सङ्ख्या लघु, घरेलु तथा साना उद्योगले ओगटेको छ (Maskey, 1999) । यसै सन्दर्भमा वि.सं. २००२ सालदेखि आ.व. २०६८।६९ मुलुकभर कुल दर्ता भएका लघु, घरेलु तथा साना उद्योगको सङ्ख्या ३०९७७५ (तीन लाख नौ हजार सात सय पचहत्तर) रहेको देखिन्छ भने आ.व. २०६८।६९ सम्म दर्ता कायम भएका उद्योगहरूको सङ्ख्या १४३४२७ (एक लाख त्रिचालिस हजार चार सय सत्ताइस) मात्र

देखिन्छ (औ.प्र. तथ्याङ्क, २०६९) । यिनीहरूमध्ये उत्पादनमूलक ५०२३५ (पचास हजार दुई सय पैंतिस), ऊर्जामूलक ३२४ (तीन सय चौविस), कृषि तथा वनजन्य ६४१६ (छ हजार चारसय सोह्र), पर्यटन १५४०२ (पन्ध्र हजार चार सय दुई), खनिज १४९ (एक सय उनान्चास), सेवा ६४८२० (चौसट्ठी हजार आठ सय वीस) र निर्माण ४७०१ (चार हजार सात सय एक) उद्योग छन् । (***नोटः*** हाल कायम भन्नाले अद्यावधिक नवीकरण नभई खारेजी भएका र उद्योगीको मागबमोजिम लगत कट्टा हुन गई बाँकी दर्ता भएका उद्योगलाई जनाउँछ) ।

माथि उल्लेख गरिएको तथ्याङ्कले के देखाउँछ भने मुलुकमा सबैभन्दा बढी सेवामूलक (सङ्ख्या ६४८२०० र कम खनिज उद्योग (सङ्ख्या १४९) सञ्चालन भएको देखिन्छ । कृषिमा आधारित अर्थतन्त्र रहेको देशमा कृषि तथा वनजन्य उद्योग सङ्ख्या ज्यादै न्यून छन् । अत्यधिक उद्योग सेवामा आधारित रहनु उत्पादनमूलक उद्योग दोस्रो स्थानमा पर्नुले आर्थिक बृद्धिदरमा न्यूनता आउने स्पष्ट छ । यसै कारणले होला नेपाल सरकार अर्थ मन्त्रालयले २०६९।७० को बजेटमार्फत कृषि क्षेत्रको आर्थिक बृद्धिदरमा कमी भई चालु आर्थिक वर्षमा १.३ प्रतिशत मात्र बृद्धि हुने प्रक्षेपण गरेको छ । त्यसै गरी गैह्रकृषि क्षेत्रको ४.८ प्रतिशत, सेवा क्षेत्रको ६ प्रतिशत, उद्योग क्षेत्रको १.५ प्रतिशत गरी २०६९।७० मा आधारभूत मूल्यमा ३.६ प्रतिशत आर्थिक बृद्धिदर कायम हुने प्रक्षेपण गरेको छ । (अर्थ मन्त्रालय बजेट २०६९।७०, २०६९) माथिको आँकडाले के पनि देखाउँछ भने हालसम्म दर्ता भएका उद्योगको सङ्ख्या ३०९७७५ र हाल दर्ता कायम भएका उद्योगको सङ्ख्या १४३४२७ छ भने १६६३४८ उद्योगहरू राज्यको प्रक्रियाभित्र आएर नवीकरण नगरेको पाइयो ।

हालसम्म लघु, घरेलु तथा साना उद्योग व्यवसायमा कुल रु. २०२३३.९०४ करोड लगानी भएको देखिन्छ भने यसमा २५०३४३७ जनाले प्रत्यक्ष वा परोक्ष रोजगार प्राप्त गरेको देखिन्छ (औं.प्र. तथ्याङ्क, २०६९) नेपालको सन्दर्भमा लघु, घरेलु तथा साना उद्योग क्षेत्र अत्यन्तै संवेदनशील क्षेत्र हो । हाम्रो मुलुकको आर्थिक विकास वा समृद्धि यो क्षेत्रको विकास विना सम्भव नहुने कुरा माथिका तथ्याङ्कले समेत स्पष्ट पारेको छ । तसर्थ यस्तो अहम् सम्भावना बोकेको क्षेत्रलाई वेवास्ता गरिनु हुँदैन किनभने एकातिर ठूलो लगानी त डुब्न जान्छ नै, अर्कोतिर रोजगारीका अवसरहरू क्रमशः घट्दै वेरोजगारीले मुलुकलाई सङ्कटतर्फ लैजाने छ । उदाहरणका लागि यस क्षेत्रको कुल गार्हस्थ उत्पादनमा निर्वाह गरेको योगदान ४/५ वर्ष पहिले ११ प्रतिशत भन्दा माथि थियो । अहिले ६.१३ प्रतिशतमा झरेको छ । यहाँ झन्डै ४.० प्रतिशत योगदानमा गिरावट आउनुले झन्डै ४.० प्रतिशत रोजगारीमा पनि कमी आएको स्पष्ट हुन्छ । यसरी उद्योग क्षेत्रको भूमिका कमजोर बन्दै जाँदा व्यापार भुक्तानी सन्तुलनमा प्रतिकूल हुन्छ । हाल आयात निर्यातको अनुपात ६:१ हुन पुगेको छ । यसले मुलकको आर्थिक विकासका लागि शुभ सङ्केत देखाउँदैन ।

## आर्थिक विकासमा लघु, घरेलु तथा साना उद्योग व्यवसायको भूमिका

नेपाल दुइवटा विशाल जनसङ्ख्या भएका औद्योगीकरण माध्यमबाट झन्डै दोहोरो अङ्कको आर्थिक बृद्धिदर कायम गर्न सफल विश्व अर्थतन्त्रका उदयीमान शक्तिका रूपमा स्थापित क्रमशः दोस्रो र पन्ध्रौं स्थानमा रहेका चीन र भारतको बीचमा अवस्थित भूपरिवेष्टित राष्ट्र हो । यस देशका अगाडि औद्योगिक विकास गर्न जति अवसरहरू छन् त्यसभन्दा बढी चुनौतीहरू पनि कायम छन् । अवसरका रूपमा छिमेकीहरूको ठूलो बजारको सानो हिस्सालाई मात्र प्राप्त गर्न सक्ने हो भने

औद्योगिक विकास सजिलैसँग गर्न सकिन्छ । त्यसरी नै मुलुकलाई औद्योगिकीकरणको माध्यमबाट समृद्ध बनाउन सकिन्छ ।

नेपालको सन्दर्भमा लघु, घरेलु तथा साना उद्योगको विकासको सम्भावना ज्यादै प्रबल छ । यहाँ रहेका प्राकृतिक स्रोत र साधनलाई कच्चा पदार्थको रूपमा नभएर अन्तिम वस्तु (Final Product) रूपमा उत्पादन गरी निर्यात गर्न सक्ने हो भने अहिले निर्यातलाई ४-५ गुणाले बृद्धि गर्न सकिन्छ । यसले रोजगारीमा पनि उल्लेखनीय योगदान पुऱ्याई आय र आयको वितरणमा अहम् भूमिका खेल्न सक्दछ । हाम्रो देशको औद्योगिकीकरण गर्नसक्ने खास-खास क्षेत्रहरू छन् जसलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न सके देशभित्रै ठूलो रोजगारीका अवसरहरू सृजना गर्न सकिन्छ र हाम्रा तुलनात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धा गर्न सक्ने क्षेत्रमा लगानी जोड दिने मात्र नभई प्राथमिकताका क्षेत्र तोकी तिनीहरूको व्यवसायिकतामा जोड दिनु पनि जरुरी छ, जसको भूमिकाले नेपालको विकास गर्न सकिन्छ । ती क्षेत्रहरू हुन्- कृषिमा आधारित उद्योग व्यवसाय (Agro based Industries/Enterprises), गैह्रकाष्ठजन्य बनमा आधारित उत्पादन (जडीबुटी तथा प्राकृतिक रेसाजन्य वस्तु) (Non timber based forest product), खनिजजन्य वस्तु (जेम्सस्टोन, महँगा पत्थरहरू) (Mineral), पर्यटन उद्योग/व्यवसाय (Tourism Industries), वैकल्पिक तथा नवीकरणीय ऊर्जा (Alternative and Renewable Energy Power), सूचना तथा सञ्चार प्रविधि (ICT) लगायत स-साना जलविद्युत यी तुलनात्मक लाभका प्रतिस्पर्धी क्षमता भएका क्षेत्र हुन् । यिनीहरूलाई विकास, प्रबर्द्धन र सम्बर्द्धन गर्ने हो भने हाम्रो लघु, घरेलु तथा साना उद्योगको विकास पूर्ण रूपमा भई मुलुकको आर्थिक विकास द्रुत गतिमा अघि बढ्न सक्छ र यी क्षेत्रका वस्तुले छिमेकी देशको बजारमा सहज पहुँच प्राप्त गर्न सक्छन् । तसर्थ सरकारले निर्यातमुखी उद्योग (Export oriented industry/enterprises) र आयात प्रतिस्थापन उद्योग/व्यवसाय (Import substitution industries/enterprises) लाई पूर्ण प्राथमिकताको सूचीमा राखी सरकार, निजी क्षेत्र साझेदारी विधि (Public-private partnership model) अनुसार यस्ता उद्योग/व्यवसाय सञ्चालन गर्दा देशमा आर्थिक विकास हुन्छ ।

नेपालका लघु, घरेलु तथा साना उद्योग/व्यवसाय क्षेत्रले आर्थिक विकासमा पुऱ्याएको योगदानलाई तथ्याङ्कीय रूपमा व्याख्या गर्दा उद्योग क्षेत्रको योगदान कुल गार्हस्थ औद्योगिक उत्पादन ६.१३ प्रतिशत रहेकोमा यस क्षेत्रको भूमिका ९० प्रतिशत रहेको छ । त्यसै गरी औद्योगिक रोजगारीको ८० प्रतिशत र कुल राष्ट्रिय निर्यातको ७० प्रतिशत हिस्सा यस क्षेत्रको छ । यस क्षेत्रले दुर्गम क्षेत्रमा रहेका मानिसहरूको क्षमता अभिबृद्धि गरी उद्योग स्थापना गर्न र स्वरोजगारतर्फ ठूलो योगदान पुऱ्याएको छ भने ४० प्रतिशत लघु, घरेलु तथा साना उद्योग ग्रामीण क्षेत्र र दूरदराजमा स्थापित गरी स्थानीय विकासलाई समेत सहयोग पुऱ्याएको देखिन्छ । यस क्षेत्रमा झन्डै रु. २०२३९.९०४ करोड लगानी भएको छ भने ५ लाख घरपरिवार वा २५ लाख ३ हजार ४ सय ३७ जना प्रत्यक्ष वा अप्रत्यक्ष यस क्षेत्रमा आबद्ध छन्, (औ.प्र. तथ्याङ्क, २०६९) । तसर्थ यसै प्रसङ्गमा अन्तर्वार्ता लिने क्रममा नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष श्री सुरेश प्रधानको भनाइ यस प्रकार छ :

> नेपालमा लघु, घरेलु तथा साना उद्योगहरूको देशको आर्थिक विकासमा अहम भूमिका छ । जसरी भारतमा २५०००/- (पच्चीस हजार) लगानी गर्दा १ जनालाई रोजगारी

> मिल्छ भने नेपालमा त्यसको दोब्बर लगानी गर्दा १ जनालाई रोजगारी प्रदान गर्न सकिन्छ । यस हिसाबले हेर्दा ठूला उद्योगमा लगानी गर्नुभन्दा साना उद्योगमा लगानी गर्दा रोजगारीको अवसर बृद्धि हुन्छ । अनुमानित यस क्षेत्रको प्रत्यक्ष लगानीलाई हेर्दा यहाँ धेरै रोजगारी लघु घरेलु तथा साना उद्योगहरूले प्रदान गरेका छन् ।

यसरी नै यस सन्दर्भमा महिला उद्यमी समितिकी सभापति शोभा गुरुङ्गको बिचार यस्तो छ :

> नेपालमा लघु, घरेलु तथा साना उद्योगमा महिलाहरूको सहभागितालाई वृद्धि गर्नुपर्छ जसले गर्दा यी उद्योगको विकास द्रुत गतिमा हुन्छ तर हाम्रो देशमा वैदेशिक रोजगारी र विप्रेषणलाई प्राथमिकतामा राखेको देखिन्छ । यसले आर्थिक विकास भएको जस्तो देखिए पनि दिगो विकासमा ठूलो असर पार्दछ । समग्रमा त्यसकारण लघु, घरेलु तथा साना उद्योगको विकास गरी दिगो आर्थिक विकासतिर अघि बढ्नु जरुरी छ । यस्ता प्रशस्त रोजगारीका अवसर सिर्जना गर्ने क्षेत्रलाई प्राथमिकतामा नराखी युवाहरूलाई वैदेशिक रोजगारीतर्फ आकर्षित गराइयो । यसले देशको दिगो विकासमा ठूलो असर पुऱ्याउँछ ।

प्रस्तुत तथ्याङ्कको आधारमा के देखिन्छ भने लघु, घरेलु तथा साना उद्योगहरूको भूमिका देश विकासमा ठूलो छ किनकि यसले प्रशस्त रोजगारीको सम्भावना सिर्जना गरेको छ । हाम्रो जस्तो देशमा साना उद्योग विकास गर्नु जरुरी छ जसले आर्थिक विकासमा ठूलो योगदान दिन्छ ।

समग्रमा माथिका यी दुवै तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने यो क्षेत्र नेपाल औद्योगिक विकासको लागि संवेदनशील क्षेत्र हो । नेपालको औद्योगिक क्षेत्रको झन्डै ९६ प्रतिशत अनौपचारिक क्षेत्रमा छ भने ४ प्रतिशत मात्र औपचारिक क्षेत्र छ भनिन्छ । त्यसले गर्दा यस क्षेत्रको आधिकारिक तथ्याङ्क प्रमाणित रूपमा बाहिर आउन सकेको छैन । यसलाई केही हदसम्म औपचारिक क्षेत्रमा ल्याउने पहल गर्ने हो भने यसले राष्ट्रिय अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउनुका साथै यस क्षेत्रको योजनाबद्ध विकास गर्न सहयोग पुगी देशको अर्थतन्त्र मजबुत हुने कुरा स्पष्ट छ ।

**निष्कर्ष**

नेपालको आर्थिक विकासको मेरुदण्डको रूपमा रहेका लघु, घरेलु तथा साना उद्योग/व्यवसाय (MCSIs/MCSEs) को विकासको लागि विद्यमान नीति, ऐन, कानून तथा कार्यान्वयन पक्ष नै बढी जिम्मेवार छन् । कर प्रणाली नियन्त्रण र असुलीमुखी रहनु, कर्मचारीतन्त्र वा संयन्त्र परिणाममुखीभन्दा पनि प्रक्रियामुखी रहनुले कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको भूमिका दिनानुदिन घट्दै ११ प्रतिशतबाट झन्डै ६.१३ प्रतिशतमा आइपुगेको देखिन्छ ।

औद्योगिक क्षेत्रको विकासको लागि विकसित तथा विकासशील मुलुकहरूले विश्वको परिवर्तित सन्दर्भमा आफूलाई प्रतिस्पर्धी बनाउन समायनुकूल समायोजन गर्दै विद्यमान नियम, कानून, ऐन, परिभाषालाई तत्काल परिमार्जन गर्ने गरेको देखिन्छ भने नेपालको सन्दर्भमा औद्योगिक नीति १९ वर्षपछि र औद्योगिक व्यवसाय ऐन २१ वर्षपछि परिमार्जनको प्रक्रियामा छन् । अर्कोतिर लघु, घरेलु तथा साना उद्योगका लागि औद्योगिक नीति र ऐनले व्यवस्था गरेका सहुलियत, सुविधाहरू आर्थिक ऐनले काट्दै जाने र हटाउँदै जाने अवस्था पनि विद्यमान छन् ।

पश्चिमी मुलुकहरूमा साना, मझौलास्तरका उद्योग/व्यवसायहरूलाई एउटै छाताभित्र राखी SMIs/SMEs Small and Medium Industries/enterprises नामाकरण गरेको पाइन्छ भने नेपाल, भारत, बंगलादेश लगायत सार्क क्षेत्रमा यी प्रकृतिका उद्योग व्यवसायलाई MCSIs/MCSEs Micro-Cottage and Small Industries/Enterprises ले संवोधन गर्ने प्रचलन देखिन्छ ।

आर्थिक विकास विकासोन्मुख मुलुकहरूको एक संवेदनशील मुद्दा/विषय हो । यी राष्ट्रहरूले आर्थिक विकासको नाममा केवल आर्थिक क्रियाकलाप मात्र जोड नदिई मानवीय कल्याण जस्तै रोजगारी/आय आर्जन/आयको वितरण तथा गरिवी न्यूनीकरणमा बढी जोड दिँदा यसले दिगो आर्थिक विकासमा सहयोग पुऱ्याउँदछ । तसर्थ, यी देशहरूले उद्योग र उद्यमशीलता विकास गर्ने क्षेत्रमा बढी प्राथमिकता दिन जरुरी छ । त्यसका लागि परिमाणात्मक र गुणात्मक दुवै किसिमको उद्यमशीलता विकास गर्नुपर्दछ ।

नेपालको आर्थिक विकासमा लघु, घरेलु तथा साना उद्योग/व्यवसायको प्रबल सम्भावना छ । प्रचुर मात्रामा पाइने प्राकृतिक स्रोत, सस्तो श्रम साधन र छिमेकको ठूलो बजार यसका अवसरहरू हुन् । प्रतिस्पर्धी क्षमतामा कमी/आन्तरिक सानो बजार/नयाँ प्रविधि पहुँचमा कमी अनुसन्धान र विकासमा ज्यादै न्यून लगानी यसका बाधक हुन् ।

नेपालको औद्योगिक विकासमा विशेषतः लघु, घरेलु तथा साना उद्योग व्यवसायलाई औद्योगीकरण गर्न सक्ने तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका क्षेत्रहरू कृषिमा आधारित उद्योग व्यवसाय, गैह्रकाष्ठजन्य वनमा आधारित उद्योग व्यवसाय, खनिजजन्य उद्योग, पर्यटन उद्योग/व्यवसाय वैकल्पिक तथा नवीकरणीय ऊर्जा, सूचना तथा सञ्चार प्रविधि र स-साना जलविद्युत आयोजना नै हुन् । यिनीहरूलाई प्राथमिकताको सूचीभित्र राखी सार्वजनिक, निजी साझेदारको आधारमा सञ्चालन गर्नसके यसले आर्थिक विकासमा ठूलो योगदान पुऱ्याउन सक्छ । नेपालको कुल गार्हस्थ उत्पादनमा ११ प्रतिशत योगदान पुऱ्याइसकेको उद्योग क्षेत्र जसमा लघु, घरेलु तथा साना उद्योगको अग्रणी भूमिका (झन्डै ९० प्रतिशत) थियो । त्यस्तै गरी औद्योगिक रोजगारीको ८० प्रतिशत र कुल राष्ट्रिय निर्यातको ७० प्रतिशत भूमिका यसै क्षेत्रले निर्वाह गरेको थियो । त्यो योगदान झरेर अहिले झन्डै ७ प्रतिशतको हाराहारीमा आइपुगेको छ । यस क्षेत्रलाई योजनाबद्ध ढङ्गले प्राथमिकतामा राखेर, यस क्षेत्रको योगदानलाई १४ देखि १८ प्रतिशत पुऱ्याउने हो भने देशभित्रै लाखौंलाख मानिसले रोजगारी प्राप्त गर्न सक्नेछन् र अहिले देखिएको आयात निर्यात अनुपात ६:१ प्रतिशत असन्तुलनलाई कम गर्न यो क्षेत्रले नै महत्त्वपूर्ण भूमिका खेल्नेछ भने विश्वास गर्न सकिन्छ ।

## सन्दर्भ कृतिसूची

नेपाल सरकार उद्योग मन्त्रालय (२०६९) *औद्योगिक प्रवर्द्धन तथ्याङ्क.* घरेलु तथा साना उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ।

नेपाल सरकार उद्योग मन्त्रालय (२०६७). *औद्योगिक नीति.* कञ्चन प्रिन्टिङ्ग प्रेस, काठमाडौं ।

नेपाल सरकार अर्थ मन्त्रालय (२०६९). *आय-व्ययको सार्वजनिक वक्तव्य.* लेखक, काठमाडौं ।

नेपाल सरकार अर्थ मन्त्रालय (२०६९). *आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०६८/६९.* मुद्रण विभाग, काठमाडौँ

Joshi, S. (2061). *Enterpreneurship Development*. Systematic Printing Press, Kathmandu:

Maskey, B.K. (1999). *Small and Medium Enterprise Promotion through Local Capacity Buildin.* Modern Printing Press, Kathmandu.